आज मिति २०८२/०५/०९ गते साँझ ६:०० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमाल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री गोपाल हमाल | नगर प्रमुख | |
| २) | श्री कन्दकला कुमारी राना | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ४) | श्री धर्मराज ओझा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ५) | श्री राज वहादुर ऐर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ६) | श्री बुद्धी बहादुर खड्का | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ७) | श्री गजेन्द्र शाही | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ९) | श्री मोती राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १०) | श्री जुगराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम वहादुर भण्डारी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १२) | श्री शिव कुमार राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १३) | श्री रुप वहादुर कुँवर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १४) | श्री शेर वहादुर महरा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५) | श्री विजय राज जोशी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १६) | श्री मान वहादुर विष्ट | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १७) | श्री सुखदेव रानाथारु | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १८) | श्री रामलाल चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १९) | श्री माधव राज राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २०) | श्री भुवन रिजाल | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २१) | श्री बाँधुराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २२) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २३) | श्री माया कुमारी भण्डारी (साउद) | कार्यपालिका सदस्य | |
| २४) | श्री निशा कुमारी आउजी | कार्यपालिका सदस्य | |
| २५) | श्री विन्दु तामाङ्ग | कार्यपालिका सदस्य | |
| २६) | श्री सुस्मा चौधरी | कार्यपालिका सदस्य | |
| २७) | श्री अनिल कुमार | कार्यपालिका सदस्य | |
| २८) | श्री चक्र बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| २९) | श्री महादेव सुनार | कार्यपालिका सदस्य | |
| ३०) | श्री योगेन्द्र बहादुर चन्द | सचिव | |

**निर्णय नं. १ :**

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम साविकमा यस धनगढी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा समायोजन र समायोजन संशोधन भई आएका देहायका कर्मचारीहरुले सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २७ को उपदफा (१) बमोजिम हाल कार्यरत रहेको देहायको तहबाट एक तहवृद्धि गरी पाउँ भनी निवेदन दिनु भएकोमा निजहरुको तोकिएबमोजिमको शैक्षिक योग्यता भएको, एक तह वृद्धिका लागि न्यूनतम् सेवा अवधि पुगेको, पछिल्लो पाँच वर्ष (आ.व.२०७६।०७७, २०७७।०७८, २०७८।०७९, २०७९।०८० र २०८०।०८१) को कार्यसम्पादन मूल्याङ्कनको औषत अङ्क समेत पन्चानब्बे प्रतिशत भन्दा बढी प्राप्त गरेको र हाल कुनै विभागीय कार्बाहीमा समेत नपरेको देखिएकोले देहाय बमोजिम एक तह वृद्धि गर्ने निर्णय गरियो ।

| क्र. सं. | नामथर, संकेत नम्बर | हालको तह, पद, सेवा, समूह/उपसमूह र नियुक्ति मिति | शैक्षिक योग्यता | पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन औषत अङ्क | स्तरवृद्धि हुने तह | स्तरवृद्धि गरिएको तहको ज्येष्ठता लागू हुने मिति (वर्ष/महिना/गते) |
|---|---|---|---|---|---|---|
| १ | नरेन्द्र बहादुर खाती, (क.सं.नं.: १५९३५३) | **तह :** अधिकृत नवौं<br>**पद :** उपसचिव<br>**सेवा :** नेपाल शिक्षा<br>**समूह :** शिक्षा प्रशासन<br>**उपसमूह :** x<br>**नियुक्ति मिति :** २०७५।०३।२५ | स्नातकोत्तर (M.Ed) | १००.०० | **तह :** अधिकृत दशौं<br>**पद :** उपसचिव | २०८०।०३।२५ |
| २ | घुम्मन सिं बडायक (क.सं.नं. २१८००६) | **तह :** अधिकृत सातौं<br>**पद :** शाखा अधिकृत<br>**सेवा :** नेपाल शिक्षा<br>**समूह :** शिक्षा प्रशासन<br>**उपसमूह :** निरीक्षण<br>**नियुक्ति मिति :** २०७३।०८।०२ | स्नातकोत्तर (M.Ed) | १००.०० | **तह :** अधिकृत आठौं<br>**पद :** शाखा अधिकृत | २०७८।०८।०२ |
| ३ | डा. समीर ठाकुर (क.सं.नं. २१२३४३) | **तह :** अधिकृत सातौं<br>**पद :** पशु चिकित्सक<br>**सेवा :** नेपाल कृषि<br>**समूह :** भेटेरीनरी<br>**उपसमूह :** x<br>**नियुक्ति मिति :** २०७२।०५।२० | स्नातक (B.V.Sc. & A.H.) | १००.०० | **तह :** अधिकृत आठौं<br>**पद :** पशु चिकित्सक | २०७७।०५।२० |
| ४ | हरि सिंह साउद (क.सं.नं. १६८२८१) | **तह :** अधिकृत सातौं<br>**पद :** शाखा अधिकृत<br>**सेवा :** नेपाल प्रशासन<br>**समूह :** सामान्य प्रशासन<br>**उपसमूह :** x<br>**नियुक्ति मिति :** २०७१।०४।०१ | प्लस टु (HSEB) | ९६.०० | **तह :** अधिकृत आठौं<br>**पद :** शाखा अधिकृत | २०७६।०४।०१ |

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

**निर्णय नं. २ :**

माथि उल्लेखित तहवृद्धिको निर्णय गर्दा हाल यस धनगढी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत पदमा कार्यरत अधिकृत नवौं तहका नरेन्द्र बहादुर खातीको समेत अधिकृत दशौं तहमा तहवृद्धि गर्ने निर्णय गर्नु परेकोले निजलाई यस बैठकमा सदस्यसचिवको रुपमा सहभागि नगराईएको हुँदा यस बैठकको सदस्यसचिवको रुपमा रही काम गर्न तोकिएका अधिकृत आठौं तहका आ.ले.प. अधिकृत श्री योगेन्द्र बहादुर चन्दले हस्ताक्षर गरी प्रमुख प्रशासकीय अधिकृत श्री नरेन्द्र बहादुर खाती सहित तह वृद्धिको निर्णय भएका अन्य कर्मचारीहरुलाई नगर कार्यपालिकाको कार्यालयको लेटर प्याडमा देहायको ढाँचामा तहवृद्धिको पत्र तयार गरी दिने, सो को जानकारी बोधार्थमा उल्लेखित मन्त्रालय/आयोग/कार्यालयहरुमा समेत पठाउने निर्णय गरियो ।

**देहाय :**

**प.सं.:-**
**च.नं.:**

**मिति :-**
**ने.सं.**

**विषय :-** तह वृद्धि गरिएको ।

महाशय,

तपाईलाई धनगढी उपमहानगरपालिका, नगर कार्यपालिकाको मिति २०८२।०५।०९ को निर्णयानुसार सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २७ को उपदफा (१) र (४) बमोजिम मिति २०८२।०४।०१ गतेदेखि लागू हुने गरी तपसिल अनुसार तह वृद्धि गरिएको छ ।

तह वृद्धि हुनु भएकोमा हार्दिक बधाई छ ।

**देहाय**

| **साविकको विवरण** | **तह वृद्धि गरिएको विवरण** |
|---|---|
| **सेवा/समूह :** साविक सेवा/समूह उल्लेख गर्ने | **पद :** वृद्धि गरिएको तहको पद लेख्ने |
| **पद/तह :** साविक पद/तह उल्लेख गर्ने | **तह :** वृद्धि गरिएको तह लेख्ने |
| **नियुक्ति मिति :** साविक तहको नियुक्ति मिति उल्लेख गर्ने | **ज्येष्ठता लागू हुने मिति :** साविक तहको नियुक्ति मितिको पाँच वर्ष पुगेको मिति लेख्ने |

**श्री** (कर्मचारीको नामथर लेख्ने)
**कर्मचारी संकेत नं. :** (कर्मचारीको संकेत नम्बर लेख्ने)
धनगढी उपमहानगरपालिका, कैलाली

......................
**(दस्तखत गर्ने कर्मचारीको नाम)**
**दस्तखत गर्ने कर्मचारीको पद**

**बोधार्थ:**
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।
श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौं ।
श्री प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।
श्री राष्ट्रिय किताब खाना (निजामती), हरिहरभवन, ललितपुर ।
श्री प्रदेश किताबखाना, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।
श्री कर्मचारी सञ्चय कोष, त्रिदेवी मार्ग, ठमेल, काठमाण्डौं ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौं ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, धनगढी, कैलाली ।
श्री आर्थिक प्रशासन महाशाखा, धनगढी उपमहानगरपालिका, धनगढी, कैलाली ।

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

**निर्णय नं. ३**

यस धनगढी उपमहानगरपालिकाको कार्यपालिकाको मिति २०८२।०३।२९ गतेको ३८ औं बैठकको निर्णयहरुबाट सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ९ बमोजिम दरबन्दी कायम गरी गरिएका तह मिलान/तह वृद्धि सँग सम्बन्धित निर्णयहरु र यस कार्यपालिकाको ४० औं बैठकको निर्णयहरुबाट सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २७ बमोजिम गरिएका तह वृद्धि सम्बन्धी निर्णयहरुमा ऐनमा भएको व्यवस्थाको बुझाई वा अन्य जुनसुकै कारणले फरक पर्न गएको भएमा वा सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ बमोजिम जारी हुने नियमावलीमा उल्लेख भएको व्यवस्था बमोजिम नभई फरक पर्न गएको अवस्थामा जुनसुकै अवस्थामा पनि निर्णयमा हेरफेर गरी लागू गर्न सक्ने निर्णय गरियो।

**निर्णय नं. ४**

सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४७ (१) मा "कर्मचारीले आफ्नो पदमा बहाली गरेको दिनदेखि तलब भत्ता पाउनेछ।" भन्ने व्यवस्था उल्लेख भएको र सोही दफाको उपदफा (२) मा "उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्नु गराउनु हुँदैन।" भन्ने व्यवस्था समेत उल्लेख भएको, तर, ऐन बमोजिम हालसम्म कमर्चारीको तलबी प्रतिवेदन गर्ने कार्यालय नतोकिएकोले पछि ऐन बमोजिम उल्लेख भएमा सोही बमोजिम हुने गरी यस धनगढी उपमहानगरपालिकामा कार्यरत कर्मचारीहरुको आर्थिक वर्ष २०८२।०८३ को तलब रकम भुक्तानीका लागि धनगढी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, आन्तरिक लेखा परीक्षण शाखाबाट तलबी प्रतिवेदन पारित गराई पारित भएबमोजिम कर्मचारीहरुलाई तलब भत्ता भुक्तानी गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

**आजको बैठक अन्त्य गरियो।**